काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

# मण्डनदेउपुर नगरपालिका
## MANDANDEUPUR MUNICIPALITY
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

प.सं. : ०८०/०८१
च.नं.: १३४५

मिति:२०८०/११/१७
ने.स:११४४ सिल्लागा,५,विहिवार

**विषयः मण्डनदेउपुर नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाहरुका लागि सूचना।**

उपर्युक्त सम्बन्धमा यस नगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुको अनुगमन तथा निरीक्षण गर्न नगर उप-प्रमुख श्री विष्णुमणी नेपाल ज्यूको संयोजकत्वमा गठित सहकारी अनुगमन समितिले दिएको सुझाव कार्यान्वयन गरी सहकारी क्षेत्रमा सुशासन कायम गर्नका लागि यस नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाहरुले सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र तपसिपल बमोजिमको कार्य गर्नु गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ। यो सूचना बमोजिम कार्य वा व्यवस्थापन नगर्ने सहकारी संस्थाका संचालकहरुलाई प्रचलित कानून वमोजिम कसुर तथा सजाय भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिलः

१. संस्थाको अघिल्लो आ.व.को लेखापरीक्षण हरेक वर्षको असोज मसान्तभित्र र वार्षिक साधारण सभा पौष मसान्त भित्र अनिवार्य सम्पन्न गरी १५ दिन भित्र नियमक निकायमा बुझाउनु पर्ने व्यबस्था रहेको छ। तर यस नगरपालिकामा भएका अधिकांश सहकारी संस्थाहरुले हालसम्म पनि तोकिएका विवरणहरु नगरपालिकामा पेश गर्नु पर्नेमा सो नगरेको हुँदा विवरण अनिवार्यरुपमा वुझाउन सूचित गरिएको छ।

२. सहकारी नियमावली, २०७५ को नियम ८१ बमोजिम सार्वजनिक पदमा बहाल पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य निकायमा कार्यरत कर्मचारीहरु समेत सहकारी संघ/संस्थाको संचालक समिति तथा लेखा सुपरीवेक्षण समितिको पदमा नरहने व्यवस्था कार्यान्वयन गर्ने। यो निर्देशन जारी भए पश्चात, यसरी रहे, बसेको भए सो पदबाट अलग हुने। अन्यथा, सम्बन्धित निकायमा आचारण सम्बन्धि विषयमा कारवाहीको लागि लेखी पठाइनेछ।

३. कोपोमिसमा आवद्ध हुन बाँकी सहकारी संस्थाहरुले युजर आइडि र पावर्ड लिनका लागि यस नगरपालिकामा निवेदन गर्नुहुन अनुरोध छ। साथै युजर आइडि र पासवर्ड लिएका सहकारी संस्थाहरुलाई नियमितरुपमा विवरण अद्यावधिक गर्न समेत अनुरोध गरिन्छ।

४. सबै सहकारी संस्थाहरुले आफ्नो विषय र उद्देश्य अनुसार मुख्य कारोवार संचालन गर्नु पर्नेछ। साथै धेरैजसो सहकारी संस्थाहरुको साइन बोर्ड सहितको कार्यालय स्थापना नगरी कारोवार गरेको देखिएको हुनाले संस्थाको कार्यालय व्यवस्थापन गर्ने कार्यमा विषेशरुपमा प्राथमिकता दिन सूचित गरिएको छ।

५. सूचिकृत नभएका सहकारी संस्थाहरुले तोकिएको कागजातहरु सहित नगरपालिकाको कार्यालयमा सम्पर्क गरी सूचिकृत हुन निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।

.........................
प्रमुख प्रशासकीय अधिकृत